# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति- २०७८/०५/२० गते।**

प्रदेश सरकार शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखराको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमलाई कार्यान्वयन गर्नको लागि मन्त्रालय (मा.मन्त्रीस्तर) बाट स्वीकृत भएको **"महिला बालबालिका र समाजकल्याण तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८"** बमोजिम देहायका कागजातहरु सहित कार्यक्रम संचालन गर्न इच्छुक स्थानीय तह वा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन गरिरहेका प्रचलित कानुन बमोजिम दर्ता भएका संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र प्रस्ताव पेश गर्नहुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि मन्त्रालयको वेवसाइट mosd.gandaki.gov.np मा हेर्न सकिनेछ।

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | प्रस्ताव पेश गर्ने निकाय | संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन अनुदान | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | स्थानीय तहले- उल्लेखित मापदण्डको अनुसूचि २ बमोजिम भरिएको प्रस्ताव,<br>संस्थाहरुले- उल्लेखित मापदण्डको अनुसूचि २ बमोजिम भरिएको प्रस्ताव, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, संस्थाको विधान, संस्था नवीकरण, कर चुक्ता खुल्ने कागजात, जग्गा भवन भए सोको प्रमाणपत्रको प्रतिलिपी, संस्थाको कार्यानुभव, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र/स्थानीय तहमा सुचीकृत भएको पत्र, केन्द्र संचालनको लागत अनुमान |
| २ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र पूर्वाधार निर्माण अनुदान | | स्थानीय तह/ज्येष्ठ नागरिकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरु/वहुउद्देश्यीय भवन संचालन गरेका विभिन्न संस्थाहरुसँग संचालनमा रहेका भवनहरुको मर्मत संभार, फर्निचर एण्ड फर्निसिङ, मेशिनरी औजार, रङ रोगन, रिटनिङ वाल, प्रि-फाइव/ट्रष्ट/जिप्सन राख्ने लगायतका कार्यका लागि -<br>उल्लेखित मापदण्डको अनुसूचि ५ बमोजिमको प्रस्ताव, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी/स्थानीय तहमा सुचीकृत भएको पत्र, संस्थाको विधान, संस्था नवीकरण, कर चुक्ता खुल्ने कागजात, जग्गाको लालपुर्जाको प्रतिलिपी/जग्गाको भोगाधिकारको पत्र भवन भए सोको प्रमाणपत्रको प्रतिलिपी, संस्थाको कार्यानुभव, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र, पूर्वाधार सम्वन्धी कार्यको योजनाको लागत अनुमान |

**साथै मोवाइल नं. ९८४७६६४७०३, ९८४६५५०५०१ मा सम्पर्क गर्न सकिनेछ।**